Unofficial Translation

# संयुक्त राष्ट्रसंघ

**CCPR/C/105/D/1863/2009**

**नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी**

**अन्तर्राष्ट्रिय अनुबन्ध**

वितरणः सामान्य

१२ सेप्टेम्बर २०१२

मूलभाषाः अंग्रेजी

## मानवअधिकार समिति

**निवदेन नं : १८६३/२००९**

**(१०५ औ सत्रका -९–२७ जुलाई २०१२) दौरान समितिबाट अवलम्बित निर्णय**

| | |
|---|---|
| निवेदक : | देव बहादुर महर्जन (एड्भोकेसी फोरम-नेपालकी मन्दिरा शर्माद्वारा कानुनी प्रतिनिधित्व गरिएको) |
| पीडित : | निवेदक, उनको श्रीमती र बुवाआमा |
| पक्ष राष्ट्र : | नेपाल |
| निवेदन गरिएको मिति : | ३१ डिसेम्बर २००८ (प्रारम्भिक जाहेरी) |
| सन्दर्भ दस्तावेज : | १९ फेब्रुअरी २००९ मा पक्षराष्ट्रलाई प्रेषित विशेष प्रतिवेदक नियम ९७ को निर्णय (दस्तावेजको रूपमा हैन) |
| निर्णय अबलम्बन गरिएको मिति : | १९ जुलाइ २०१२ |
| विषयवस्तु : | कम्युनिस्ट पार्टी (माओवादी) को सदस्य रहेको भन्ने आशंकामा एकजना पूर्व शिक्षकको स्वेच्छाचारी पक्राउ र थुना, यातना, अमानवीय तथा अपमानजनक व्यवहार |
| सारवान सवालहरू : | स्वेच्छाचारी पक्राउ तथा थुना, यातना, अमानवीय तथा अपमानजनक व्यवहार, जबर्जस्ती बेपत्ता, थुनास्थलको अवस्था र प्रभावकारी उपचारको अधिकार |
| कार्यविधिगत सवाल : | उपलब्ध राष्ट्रिय उपचारहरू उपभोग नभएको |
| अनुबन्धका धाराहरू : | धारा २, परिच्छेद ३ र यसको सामञ्जयस्तामा धारा ७, ९ र १० |
| ऐच्छिक आलेखका धाराहरू : | धारा ५, परिच्छेद २ (ख) |

(अनुसूची)

देहायको निवेदन सम्बन्धी

# नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक आलेखको धारा ५ अनुच्छेद ४ अन्तर्गतको मानवअधिकार समितिको धारणा (१०५औं सत्र)

**निवेदन नं १८६३/२००९**

| | |
|---|---|
| निवेदक : | देव बहादुर महर्जन (एड्भोकेसी फोरम-नेपालकी मन्दिरा शर्माद्वारा कानुनी प्रतिनिधित्व गरिएको) |
| पीडित : | निवेदक, उनको श्रीमती र बुवाआमा |
| पक्ष राष्ट्र : | नेपाल |
| निवेदन गरिएको मिति : | ३१ डिसेम्बर २००८ (प्रारम्भिक जाहेरी) |
| ग्राह्यता सम्बन्धी निर्णय : | ३१ मार्च २००८ |

नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा २८ अन्तर्गत गठित मानवअधिकार समिति,

१९ जुलाइ २०१२ को बैठकमा

नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक आलेख अन्तर्गत देव बहादुर महर्जनको हकमा मानवअधिकार समितिसमक्ष पेश गरिएको निवेदन नं १८६३/२००९ उपर विचार गरिसकेपछि,

निवदेनका निवेदक तथा पक्ष राष्ट्रले उपलब्ध गराएका सम्पूर्ण लिखित जानकारीलाई मध्यनजर गर्दै निम्नलिखित अवलम्बन गर्दछ :

## ऐच्छिक आलेखको धारा ५, अनुच्छेद ४ अन्तर्गतको धारणा

१. यस निवेदनका निवेदक श्री देव बहादुर महर्जन २२ मार्च १९७२ मा जन्मिनुभएको नेपाली नागरिक हुनुहुन्छ। उक्त निवेदन निजद्वारा आफ्नै नाममा ३१ डिसेम्बर २००८ मा जाहेर गरिएको हो । नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको धारा २ को अनुच्छेद ३ अन्तर्गत पृथक् रूपमा र धारा ७, ९ र १० अन्तर्गत सामञ्जयस्तामा हेर्दै नेपाल राष्ट्रले आफ्नो अधिकार हनन गरेको भनी निवेदकले दाबी गरेका छन् । त्यसैगरी राज्यले अनुबन्धको धारा ७ अन्तर्गत आफ्नो परिवारको अधिकार हनन गरेको दाबी उनले गरेका छन् । १४ अगस्ट १९९१ मा नेपालले ऐच्छिक आलेख लागू गरेको थियो । निवदेकलाई एड्भोकेसी फोरमकी मन्दिरा शर्माले प्रतिनिधित्व गरेकी हुन् ।

## निवेदकद्वारा प्रस्तुत गरिएका तथ्यहरू

२.१ १५ नोभेम्बर २००३ मा रातको समयमा निवेदक, उनकी श्रीमती र बुवाआमा काठमाडौंस्थित आफ्नै घरमा सुतिरहेको अवस्थामा शाही नेपाली सेनाका एक टोलीले उनको ढोका फोडी घरभित्र पसे । तिनीहरूले निवेदकलाई माओवादी पार्टीमा लागेका उनका भाइको बारेमा सोधखोज गरे । उनीहरूले घरको खानतलासी गरेपछि निवेदक, उनको परिवार र सम्पत्तिलाई कुनै हानि गरेको छैन भनी लेखेको कागजमा सही गर्न अनुरोध गरे । निवेदकलाई एक हप्ताभित्र एक जना सैन्य अधिकृतलाई भेटेर उनको भाइको बारेमा जानकारी दिन भनेअनुसार निवेदकले भाइ कहाँ के गर्दैछ भन्ने जानकारी नभएपनि रिपोर्ट भने गरे । त्यसको ४, ५ दिन पछि सशस्त्र प्रहरीले निवेदकको घरको खानतलासी लिए र भाइको बारेमा सोधपुछ गरे ।[1] फेरी त्यसको ४, ५ दिन पछि पेस्तोल बोकेका अनि सादा पोसाक लगाएका केही व्यक्तिले निवेदकको घर खानतलासी गरे तर निवेदकलाई यीमध्ये कुनै पनि खानतलासीपूर्व खानतलासी पूर्जी दिइएको थिएन ।

२.२ २६ नोभेम्बर २००३ का दिन केही सादा पोसाकमा र केही सैनिक पोसाकमा रहेका सैनिकहरूले निवेदकलाई उनकै घरबाट पक्राउ गरे । त्यसपछि निवेदकको भाइ उनको दिदीको घरमा लुकेर बसेको आशंकामा दिदीको घर देखाउन भने । त्यसपछि निवेदकलाई छाउनी ब्यारेकमा लागेर भर्खरै पक्राउ परेका उनकै भिनाजु आर. एम. सँगै थुनामा राखे । निवेदकलाई पक्राउ पुर्जी र पक्राउ गर्नुको कारणबारे कुनै जानकारी दिइएन । उनलाई पक्राउ परेको ८ महिनापछि २९ जुलाइ २००४ मा निवेदकलाई आतंककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण तथा सजाय) अध्यादेश अनुसार ९० दिने निवारक नजरबन्दको पुर्जी दिइयो ।[2] उक्त आदेशको म्याद २६ अक्टोबर २००४ मा सकिएको थियो । १ नोभेम्बर २००४ मा काठमाडौं जिल्लाका प्रमुख जिल्ला अधिकारीले निवेदकलाई सार्वजनिक सुरक्षा ऐन अन्तर्गत निवारक नजरबन्दमा राख्ने आदेशमा हस्ताक्षर गरेका थिए ।[3]

२.३ निवेदकलाई सुन्दरीजल कारागारमा स्थानान्तरण गर्नुपूर्व २६ नोभेम्बर २००३ देखि १७ सेप्टेम्बर २००४ सम्म छाउनी सैनिक ब्यारेकमा थुनिएको थियो । निवेदकलाई १० महिने थुना अवधिमा अधिकांश समय छाउनी ब्यारेकको क्षमताभन्दा बढी कैदी र उपियाँ, जुम्रा भएको कोठामा एउटा कम्बलको भरमा रात बिताउनुपर्ने, न्यून सरसफाइ भएको र थुना अवधिमा जम्मा तीनपटक मात्र नुहाउन दिइएको अवस्थामा राखिएको थियो । सैनिक हिरासतमा राखिएको अवधिभर निवेदकलाई आँखामा पट्टि बाँध्ने वा टाउकोमा बोराले छोपेर राखिएको थियो । निवेदकलाई सो अवधिमा आफ्नो परिवार तथा साथीभाइलाई भेट गर्न तथा वकिलसँग कानुनी परामर्श गर्न दिइएको थिएन । रेडक्रसका प्रतिनिधिहरूको भ्रमणका समयमा निवेदकलाई अर्को कोठामा स्थानान्तरण गरिएकोले उनीहरूलाई भेटेर

---

[1] Accordig to the author, the Armed Police Force is a paramilitary force founded in 2001.

[2] According to section 9 of the Terrorist and Disruptive Activities (Control and Punishment) Act, an individual can be preventively detained for up to a full year in cases where there exist appropriate grounds for believing that a person has to be stopped from doing anything that may cause a terrorist or disruptive act.

[3] Section 3 (1) of the Public Security Act 1989 states that in cases where there exist adequate and appropriate grounds to prevent any person from doing anything which may immediately undermine the sovereignty, integrity or public tranquility and order of the Kingdom of Nepal, the local authority may issue an order to detain such person in any specified place for a specified period.

आफ्नो कुरा राख्नबाट वञ्चित गरिएको थियो । तर पनि १७ अगस्ट २००४ मा अन्य थुनुवाहरूसँगै निवेदकले रेडक्रसलाई एउटा निवेदन लेखी आफूहरूमाथि भएको यातना र थुनास्थलको अवस्थाबारे जानकारी गराउन सफल भएका थिए । यसका अतिरिक्त सरकारले निवेदकको सैनिक हिरासतमा भएको थुनालाई औपचारिक रूपमा स्वीकार गरेको थिएन ।

२.४ सैनिक हिरासतमा राख्दा निवेदकमाथि यातना तथा दुर्व्यवहार गरिएको थियो । निवेदकको पक्राउपश्चात् १६ दिनसम्म निवेदकलाई माओवादी गतिविधि र उनीहरूको नामबारे रातदिन सोधपुछ गरिएको थियो । सोधिएका नाममध्ये केहीलाई निवेदकले चिनेका थिए । निवेदकले आफू माओवादी होइन भन्ने बित्तिकै सेनाले उनको ढाड, खुट्टा, पैताला, पिँडौला, छाती र अनुहार लगायतका ठाउमा कुटपिट गर्ने र निवेदकलाई आंशिक रूपमा निस्सासिने अवस्थामा पुऱ्याएर चिसो पानीले छ्याप्ने गर्थे । यातनाको अन्तिम दिन सेनाले निवेदकलाई एम.एम. भन्ने माओवादी जसलाई निवेदकले शिक्षण पेशाको दौरान चिनेका थिए, उसलाई भेटाइदिन भने । निवेदकले उनको घर देखाइदिए । निवेदकलाई लिएर ब्यारेक फर्किने क्रममा सैनिक ब्यारेकको पर्खालबाहिर उभिइरहेका एकजना व्यक्तिलाई उनीहरूले गोली हानी हत्या गरे । उनीहरूले निवेदकलाई यसबारे कसैलाई नबताउन र बताएमा मार्ने धम्की दिए । उक्त घटनापछि निवेदक मरिने हो कि भनी झनै डराए । सोधपुछ सुरु भएको चौथो दिनमा निवेदक पीडा र ज्वरोले गर्दा हलचल गर्न पनि नसक्ने गरी थलिए । निवेदकको घाउचोट देख्ने सँगै थुनिएका भिनाजुले भनेका थिए कि चार दिन चार रातसम्म सँगैको अर्को कोठाबाट निवेदक पीडाले चिच्याएको आवाज सुनिन्थ्यो । सैनिक हिरासतमा थुनिएको अवधिभर निवेदकलाई कुनै प्रकारको औषधि उपलब्ध गराइएको थिएन ।

२.५ निवेदकको बेपत्तालगत्तै उनको परिवार र आफन्तले उनको खोजी कार्य सुरु गरेका थिए । उनीहरूले छाउनी ब्यारेकलगायत अन्य सैनिक ब्यारेक र प्रहरी कार्यालयहरूको भ्रमण गरेका थिए । उनीहरू सरकारी कार्यालय, सैनिक मुख्यालय लगायत जिल्ला प्रशासन कार्यालय पनि धाएका थिए । उनीहरू रेडक्रस, स्थानीय मानवअधिकारवादी संघसंस्थाहरू, नेपाल बार एसोसियनको मानवअधिकार समिति र राष्ट्रिय मानवअधिकार आयोग पनि गएका थिए । निवेदकको पिताले आफ्नो छोराको रिहाइ तथा हाल कहाँ कुन अवस्थामा छ भन्ने पत्ता लगाउन सरकारलाई दबाब दिने उद्देश्यले धर्नामा पनि बसेका थिए तर पटकपटकको प्रयासका बाबजुद निवेदकलाई कहाँ थुनिएको छ वा कहाँ छन् भन्ने पत्ता लगाउन सकेनन् । १७ सेप्टेम्बर २००४ मा निवेदकलाई सुन्दरीजल कारागारमा स्थानान्तरण गरिएपछि मात्र सरकारले पक्राउ गरेको औपचारिक रूपमा पुष्टि गऱ्यो र निवेदकले परिवार र आफन्तसँग भेट गर्न पाए ।

२.६ निवेदककी दिदीले सर्वोच्च अदालतमा हालेको बन्दीप्रत्यक्षीकरणको रिट निवेदन उपर सुनुवाइ भएपछि मात्र निवेदकलाई ७ जनवरी २००५ मा रिहा गरियो । सर्वोच्च अदालतले निवेदकलाई पर्याप्त आधार र कारणबिनै उचित कानुनी प्रक्रिया पूरा नगरी पक्राउ गरी थुनामा राखेको निष्कर्ष निकाल्यो । उनलाई कुनै पनि आरोप लगाइएको थिएन । उनको रिहाइको तीन वर्ष पछिसम्म पनि सरकारले उनको जबर्जस्ती बेपत्ता र यातना सम्बन्धी मुद्दामा कुनै पनि अनुसन्धान तहकिकात नगरेको र कुनै प्रकारको क्षतिपूर्ति उपलब्ध गराएको छैन ।

२.७ निवेदकको रिहाइको दिन पनि सुरक्षाफौजले अदालत परिसरबाटै पुनः पक्राउ गर्ने कोसिस गरेकोले दुईवटा गाडी परिवर्तन गरी भाग्नुपरेको थियो । निवेदकले पहिलोपटक प्रयोग गरेको गाडीलाई प्रहरीले बीच बाटोमै रोकेर सोधपुछ गरिएको थियो ।[4] निवेदकको रिहाइपछि जिउज्यानको सुरक्षा र वैयक्तिक स्वतन्त्रताको हरण हुने डरले दुई हप्तासम्म भूमिगत भएर बसे । रिहाइको लगभग ३, ४ हप्ता पछि निवेदक यातनापीडित सरोकार केन्द्र (सिभिक्ट) मा गएका थिए । सिभिक्टले उनलाई उपचारका लागि अस्पताल पठायो तर निवेदक अस्पताल जाँदै गर्दा सेनाको गाडीले उनी चढेको गाडीको पिछा गरिरहेको निवेदकले चाल पाए । पुनः पक्राउ पर्ने र प्रतिशोध लिइने डरले निवेदक अस्पताल गएनन् र सिभिक्टमा पनि फेरि फर्किएर गएनन् । रिहाइ भएको करिब ७ महिनासम्म निवेदकलाई केही परसम्म हिँड्न र खाना खान पनि समस्या हुने, ज्वरो आउने र विशेषगरी जाडो महिनामा श्वास फेर्न समस्या भएको थियो । उनले पुरानो कुरा सम्झिन नसक्ने र छिट्टै बिर्सिने समस्याले गर्दा शिक्षण पेशा नै त्याग्नुपर्‍यो । २३ मे २००८ को स्वास्थ्य जाँच प्रतिवेदन अनुसार निवेदक डिप्रेसन र घटनापछिको मानसिक आघात (पिटिएसडी) बाट पीडित भएका छन् । थुनापूर्व उनमा यस्ता कुनै प्रकारका समस्याहरू थिएनन् ।

२.८ जबर्जस्ती बेपत्तापछि निवेदकको परिवार ठूलो आर्थिक तथा मानसिक आघातबाट गुज्रिएका छन् । निवेदक घरका एकमात्र कमाउने व्यक्ति थिए । दैनिक चिन्ताले गर्दा निवेदककी श्रीमती र बुवालाई स्वास्थ्य सम्बन्धी समस्या उत्पन्न भयो भने निवेदकलाई जबर्जस्ती बेपत्ता बनाउँदा ८ महिनाकी गर्भवती भएकी श्रीमतीले छोरी जन्माउँदा धेरै कष्ट झेल्नुपरेको थियो ।

२.९ राष्ट्रिय कानुनी उपचारको उपभोग समाप्ति सम्बन्धमा निवेदकले समितिको विधिशास्त्रलाई उद्धृत गर्दै वस्तुगत रूपमा राष्ट्रिय कानुनी उपचारमा सफलता पाउन सम्भव नभएको[5] र अनुबन्धको धारा २ को परिच्छेद ३ अनुसारको प्रभावकारी उपचार पाउन न्यायिक तथा तथ्यगत रूपमा सम्भव नभएको अवस्थामा[6] राष्ट्रिय कानुनी उपचारको उपभोगको समाप्ति प्रमाणित गर्नु आवश्यक छैन, जुन प्रस्तुत मुद्दामा लागु हुन्छ भनी दाबी गरेका छन् । निवेदकले राष्ट्रिय उपचार अप्रभावकारी र अपर्याप्त भएको दाबी गर्दै तत्कालीन अवस्थामा उनीमाथि भएको डरत्रासको वातावरणले गर्दा उनले ती उपचारहरूको खोजी गर्न पनि सम्भव नभएको दाबी गरेका छन् । प्रथम त, यातना,[7] दुर्व्यवहार, जबर्जस्ती बेपत्ता र निवारक नजरबन्दलाई राष्ट्रिय फौजदारी कानुनले आपराधिक कार्य घोषित गरेको छैन । यातना, अमानवीय दुर्व्यवहार र जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई संविधानमा उल्लेख गरिएपनि त्यसलाई आपराधिक कार्य घोषित गर्ने कानुनको अभाव छ । त्यसकारण कानुनी व्यवस्थाको अभावमा न त निवेदकले प्रहरीसमक्ष उजुरी नै गर्न सक्छन् न त प्रहरीले नै पदीय दायित्वका रूपमा उजुरीउपर अनुसन्धान नै गर्न सक्छन् । निवेदकले कुटपिट र

[4] See International Commission of Jurists, "Attacks on Justice – Nepal" (11 July 2005), stating that the remedy of habeaus corpus was not effective to combate arbitrary detention, because – among other reasons – police and military authorities simply re-arrested detainees immediately following their release from custody.
[5] See communication No. 210/1986, *Pratt and Morgan v. Jamaica*, Views adopted on 6 April 1989, para. 12.3.
[6] See Commucation No. 84/1981, *Dermit Barbato v. Uruguay*, Views adopted on 21 October 1982, para. 9.4.
[7] See report by the Special Rapporteur on torture and other cruel, inhumane or degrading treatment or punishment, Manfred Nowak: Mission to Nepal, E/CN.4/2006/6/Add.5, para. 14.

अमानवीय थुनाजस्ता कम गम्भीर आरोपमा व्यक्तिगत अभियोजन अन्तर्गत प्रहरी वा जिल्ला प्रशासन कार्यालयमा उजुरी हाल्न सक्थे तर यस्ता उजुरी हाले पनि उनीहरूले पीडितले भोगेको पीडाको अनुभूति गर्न र सन् २००३ मा प्रहरीलाई तत्कालीन शाही नेपाली सेनाको कमान्ड अन्तर्गत राखिएकोले निष्पक्ष अनुसन्धान हुने सम्भावना नभएकोले पीडितले उचित क्षतिपूर्ति नपाउने दाबी निवेदकले गरेका छन् । त्यसभन्दा बढी निवेदकले तर्क पेश गरेका छन् कि सैनिक ऐन १९५९ र नयाँ सैनिक ऐन २००६ ले यातना र जबर्जस्ती बेपत्ता पार्ने कार्य लगायतका काम कर्तव्यपालनका सिलसिलामा असल नियतले गरेको देखिएमा त्यस्ता सैनिकलाई माफी दिन सकिने व्यवस्था गरेको छ । यो प्रावधान आतंककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण तथा सजाय) अध्यादेश २००४ मा पनि लागू हुन्छ जसअनुसार निवेदकलाई २९ जुलाई २००४ मा पक्राउ गरिएको थियो ।

२.१० निवेदकले दाबी गरेका छन् कि सर्वोच्च अदालतमा हालेको बन्दीप्रत्यक्षीकरणको रिटको सुनुवाइ सरकारी निकायले सम्बन्धित व्यक्तिलाई पक्राउ गरेको आधिकारिक रूपमा पुष्टि गरेपछि मात्र हुने गर्थ्यो र सरकारी निकायले पक्राउ गरेको अस्वीकार गरेको अवस्थामा त्यस्ता रिटहरू खारेज गरिने प्रचलन नै थियो । त्यसका अतिरिक्त सैनिक हिरासतमा रहेको अवस्थामा निवेदकलाई अदालतसमक्ष जान र उपचारका लागि चिकित्सकलाई भेट्न सहयोग गर्नसक्ने कुनै पनि संघसंस्थाका प्रतिनिधिलाई भेट्न नदिएको अवस्थामा निवेदकले आफ्नो गैरकानुनी थुनालाई अदालतसमक्ष चुनौती दिन सक्ने अवस्था थिएन ।

२.११ २७ नोभेम्बर २००३ मा निवेदकको भाइले एउटा स्थानिय मानवअधिकार संस्था र नेपालका मानवअधिकारवादी संघसंस्थाहरूमा निवेदन बुझाएपछि १ डिसेम्बर २००३ मा राष्ट्रिय मानवअधिकार आयोगमा निवेदन दर्ता गराएका थिए ।[8] तर आयोगले उक्त निवेदनउपर के कस्तो कारबाही गऱ्यो भन्ने बारे निवेदकलाई कुनै पनि जानकारी छैन । ७ मार्च २००८ मा निवेदकले आयोगमार्फत क्षतिपूर्तिका लागि पुनः प्रयास गर्ने निर्णय गरे । तर नोभेम्बर २००८ मा निवेदकलाई उनको निवेदनउपर कुनै पनि कामकारबाही नभएको अनौपचारिक रूपमा जानकारी दिइयो । निवेदकका अनुसार आयोगले उनको मुद्दामा अनुसन्धान गरेर क्षतिपूर्तिका लागि सिफारिस गरेको भए पनि त्यसले कुनै प्रभावकारी राहत दिने थिएन किनभने आयोगले सिफारिस मात्र गर्न सक्छ तर निर्णय कार्यान्वयनका लागि दबाब दिन सक्दैन ।[9]

२.१२ निवेदकलाई १ नोभेम्बर २००४ देखि ७ जनवरी २००५ सम्म थुनामा राखिएको सार्वजनिक सुरक्षा ऐनले व्यक्तिलाई बदनियतपूर्वक थुनामा राखिएको पाइएमा विभागीय कारबाही र परिपूरणका रूपमा क्षतिपूर्ति उपलब्ध गराउन सकिने व्यवस्था गरेबाट यस ऐनले पनि अपर्याप्त उपचारको व्यवस्था गरेको छ भन्ने निवेदकको दाबी रहेको छ । यसका अतिरिक्त ३५ दिने हदम्यादको पनि व्यवस्था छ । निवेदकका अनुसार आतंककारी तथा विध्वंसात्मक

[8] The National Human Rights Commission is Nepal's national human rights institution, accrediated with a status, complyint with the principles relating to the status of national institutions for the promotion and protection of human rights (Paris Principles) of the International Coordinating Committee on National Human Rights Institutions.
[9] See Jyoti Sanghera, Deputy Representative of the Office of the United Nations High Commissioner for Human Rights in Nepal, welcome remarks at the International Day in Support of the Victims of Torture, 3 July 2008.

गतिविधि (नियन्त्रण तथा सजाय) अध्यादेशमा पनि सोही व्यवस्था गरिएको छ । यी दुवै ऐनले एक वर्षसम्मको निवारक नजरबन्दमा राख्नसक्ने व्यवस्था गरेकोमा निवेदकले बदनियतपूर्वक थुनामा राखेको प्रमाणित गर्न सकेको खण्डमा मात्र क्षतिपूर्तिका लागि निवेदन दिन सक्ने व्यवस्था गरेको छ न कि रिहाइका लागि ।

२.१३ निवेदकले दाबी गरेका छन् कि यातना क्षतिपूर्ति ऐनले आपराधिक कार्यका लागि जवाफदेहितालाई नभई क्षतिपूर्तिलाई मात्र जोड दिएको छ जसअन्तर्गत हदैसम्मको क्षतिपूर्ति बापत रु १००,०००/- सम्म पाउने व्यवस्था गरेको छ । तर यस्ता उजुरी यातना पाएको वा हिरासतबाट छुटेको ३५ दिन भित्र पेश गरिसक्नुपर्छ तर उजुरी झुटो वा आधारहीन भएको पाइएमा निवेदकलाई जरिवाना गर्न सक्ने व्यवस्था गरेको छ । निवेदक दाबी गर्छन् कि तत्कालीन अवस्थामा प्रतिशोध र यातनाको खतरा र अपर्याप्त राहतको व्यवस्थाका कारणले गर्दा उसले यस ऐन अन्तर्गतको कानुनी उपचार समाप्त भएको देखाउनु आवश्यक छैन ।

## उजुरी

३.१ निवेदक आफू जबर्जस्ती बेपत्ता पारिएको पीडित भएको दाबी गर्छन्[10] र स्मरण गर्छन् कि थुनुवालाई कानुनी संरक्षणभन्दा बाहिर राखिने कार्य नै बेपत्ता बनाउने कार्यलाई परिभाषित गर्ने मुख्य तत्व हो ।[11] उनलाई २६ नोभेम्बर २००३ देखि १७ सेप्टेम्बर २००४ सम्म छाउनी सैनिक ब्यारेकमा गैरकानुनी रूपमा नजरबन्दमा राखिनुले अनुबन्धको धारा २, परिच्छेद १ को[12] सामञ्जस्यतामा धारा ७ को अधिकार हनन भएको दाबी निवेदकले गरेका छन् ।[13] त्यसैगरी उनलाई बाहिरी संघसंस्थाहरूसँग सम्पर्क गर्न नदिइएको र आइसिआरसीका प्रतिनिधिहरूले भ्रमण गर्दा पनि उनलाई भेट गर्न नदिई लुकाएर राखिएको र उनलाई सुन्दरीजल कारागारमा स्थानान्तरण नगरेसम्म उनको थुनाबारे औपचारिक रूपमा स्वीकार नगरिएको उल्लेख गरेका छन् ।

३.२ निवेदक निवेदन गर्छन् कि पक्राउपश्चात्को चार दिनसम्म सेनाले माओवादी गतिविधिबारे जानकारी पाउन रातदिन शारीरिक तथा मानसिक यातना दिएका थिए जसले गर्दा उनी एकपटक बेहोस पनि भएका थिए, कडा ज्वरो, पीडा र केही दिनसम्म हिँडडुल गर्न नसक्ने र हालसम्म लामो दूरीसम्म हिँडडुल गर्न नसक्ने समस्याबाट पीडित छन् । यसका अतिरिक्त निवेदकलाई सैनिक हिरासतमा राखिँदा जथाभावी कुटपिट गर्ने, बुटले हान्ने, मार्ने धम्की दिने, गालीगलौज गर्ने

---

[10] See article 2 of the International Convention for the Protection of All Persons from Enforced Disappearance.

[11] Working Group on Enforced or Involuntary Disappearances, general coment on the definition of enforced disappearance.

[12] See communication No. 540/1993, Celis Laureano v. Peru, Views adopted on 25 March 1996, para. 8.5.

[13] See communications No. 1469/2006, *Sharma v. Nepal,* Views adopted on 28 October 2008, para. 7.2; No. 107/1981, *Quinteros Almeida v. Uruguay*, Views adopted on 21 July 1983, para. 13; No. 440/1990, *El-Megreisi v. Libyan Arab Jamahiriya*, Views adopted on 23 March 1994, para. 5.4; No. 458/1991, *Mukong v. Cameroon*, Views adopted on 21 July 1994, para. 9.4; No. 428/1990, *Bozize v. Central African Republic*, Views adopted on 7 April 1994, para. 5.2; No. 950/2000, *Sarma v. Sri Lanka*, Views adopted on 16 July 2003, para. 9.5; No. 540/1993paras. 8.3□8.5; No. 542/1993, *Tshishimbi v. Zaire*, Views adopted on 25 March 1996, para. 5.5.

र सधैँ मरिन्छ कि भन्ने डरत्रासमा बाँच्न पर्ने अवस्था थियो । निवेदकले दाबी गरेका छन् कि यस्ता व्यवहार अनुबन्धको धारा ७ ले परिभाषित गरेका यातना वा कम्तीमा क्रूर, अमानवीय तथा अपमानजक व्यवहारभित्र पर्दछन् । उनी थप दाबी गर्छन् कि औषधोपचारबाट वञ्चित गरिनु धारा ७ र १० को परिच्छेद १ को पनि उल्लंघन हो ।[14]

३.३ निवेदक दाबी गर्छन् कि क्षमताभन्दा बढी बन्दीलाई जुम्रा, उपियाँ भएको सानो कोठामा कोचाकोच गरेर राखिनु, थुना अवधिभर आँखामा पट्टि वा टाउकोमा बोरा हालेर देख्न नसक्नेगरी राखिनु, थुनाको पहिलो दुई महिनासम्म अपर्याप्त खाना दिइनु र थुना अवधिभर जम्मा तीनपटक मात्र नुहाउन दिइनुले धारा ७[15] र १०[16] अन्तर्गतको दुर्व्यवहार ठहर्छ । उनले समितिको स्वतन्त्रता हनन भएका व्यक्ति[17]प्रति मानवीय व्यवहार सम्बन्धी सामान्य टिप्पणी नं २१ (१९९२) को उद्धृत गर्दै उनको थुना अवस्था तल्लो स्तरको र अपमानजनक भएको अनि कैदीबन्दीप्रति गरिनुपर्ने व्यवहारको न्यूनतम मापदण्ड (Standard Minimum Rules for the Treatment of Prisoners) अनुरूप नभएको दाबी गरेका छन् । त्यसकारण राज्यपक्षले धारा १० को उल्लंघन गरेको दाबी निवेदकले गरेका छन् ।

३.४ निवेदकले विभिन्न अवसरमा पीडकहरूको बारेमा जानकारी गराएपनि राज्यपक्ष निवेदकको उजुरीउपर निष्पक्ष अनुसन्धान गरी दोषी अधिकारीहरू विरुद्ध कारबाही गर्न अक्षम रहेको दाबी गरेका छन् ।[18] त्यसकारण राज्यपक्षले धारा धारा २, परिच्छेद ३ को सामञ्जस्यतामा धारा ७ को उल्लंघन गरेको दाबी गरेका छन् ।

३.५ साथै निवेदकले दाबी गरेका छन् कि उनको नियति र अवस्थाको बारेमा जानकारी लुकाएकाले परिवारमा मानसिक पीडा तथा चिन्ता भएकोले राज्यपक्षले धारा ७ को उल्लंघन गरेको छ ।[19]

३.६ निवेदनले निवेदन गरेका छन् कि राज्यपक्षले उनलाई राष्ट्रिय कानुनले व्यवस्था गरेको प्रावधान[20] विपरीत गैरकानुनी तरिकाले[21] पक्राउ गरी २६ नोभेम्बर २००३ देखि २९ जुलाइ २००४ र २६ अक्टोबर २००४ देखि १ नोभेम्बर २००४ सम्म थुनामा राखेका थिए । आतंककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत २९ जुलाइ २००४ मा औपचारिक रूपमा थुना आदेश नदिएसम्म निवेदकलाई पक्राउ गर्नुको कानुनी आधार वा पक्राउ गर्नुको कारणबारे कुनै पनि जानकारी नदिइएकोले राज्यपक्षले अनुबन्धको धारा ९, परिच्छेद २ को पनि उल्लंघन गरेको छ । निवेदकले दाबी गरेका छन् कि पक्राउ गर्ने बित्तिकै समयसीमा भित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित

---

[14] See general comment No. 20 (1992) on the prohibition of torture or cruel, inhuman or degrading treatment or punishment, *Official Records of the General Assembly, Forty-seventh Session, Supplement No. 40* (A/47/40), annex VI, sect. A, para. 11.

[15] See communication No. 265/1987, *Vuolanne v. F inland*, Views adopted on 7 April 1989, para. 9.2.

[16] See communication No. 458/1991, para. 9.3.

[17] See Official Records of the General Assembly, Forty-seventh Session, Supplement No. 40 (A/47/40), annex VI, sect. B, para. 3.

[18] See general comment No. 20, para. 14.

[19] See communications No. 107/1981, para. 14; No. 1469/2006, para. 7.9; No. 950/2000, para. 9.5.

[20] See communication No. 950/2000, para. 9.4.

[21] The author was detained under the Terrorist and Disruptive Activities (Control and Punishment) Act from 29 July 2004 to 26 October 2004 (90 days) and under the Public Security Act from 1 November 2004 until his release on 7 January 2005.

नगराइएकोले उनी यस गैरकानुनी पक्राउविरुद्ध अदालतमा चुनौती दिन[22] असमर्थ भए जसले गर्दा राज्यपक्षले धारा ९, परिच्छेद ३, ४ को उल्लंघन गरेको छ। निवेदक दाबी गर्छन् कि उनलाई अज्ञातस्थलमा नजरबन्दमा राखिनु र क्षतिपूर्ति लगायत प्रभावकारी राहत उपलब्ध नगराइनुले उनको धारा २, परिच्छेद ३ को  सामञ्जस्यतामा धारा ९, परिच्छेद ५ को अधिकार पनि हनन भएको छ।

३.७ अन्त्यमा निवेदकले दाबी गरेका छन् कि जबर्जस्ती बेपत्ता पार्ने कार्य, दुर्व्यवहार तथा यातनालाई फौजदारी अपराध बनाउने कानुनको अभावमा राज्यपक्षले उनको उजुरीउपर अनुसन्धान गर्न अनिच्छुक वा अक्षम भएको र थुनुवाहरूको उचित र दुरुस्त रेकर्ड नराखिएको अवस्थामा बन्दीप्रत्यक्षीकरणको रिट हाल्ने सम्भावना नभएकोले राज्यपक्षले धारा २, परिच्छेद ३ को उल्लंघन पनि गरेको छ।[23]

## ग्राह्यताको विषयमा राज्यपक्षको दृष्टिकोण

४.१ २७ अप्रिल २०१० मा राज्यपक्षले निवेदकलाई २९ जुलाई २००४ मा पक्राउ गरेको र १७ सेप्टेम्बर २००४ मा सुन्दरीजल कारागारलाई हस्तान्तरण गरेको जानकारी दिएको छ। उसले निवेदकमाथि यातना भएको कुनै प्रमाण फेला नपरेको र कारागारलाई दिइएको हस्तान्तरण पत्रमा यातनाको बारेमा कुनै कुरा उल्लेख नभएको जानकारी दिएको छ। उसले तत्कालीन अवस्थामा प्रचलित १९९० को संविधान र हालसम्म पनि प्रचलित यातना क्षतिपूर्ति ऐनले यातनाका मुद्दामा संवैधानिक उपचार र क्षतिपूर्ति उपलब्ध गराएउने व्यवस्था भएको उल्लेख गरेको छ। राज्यपक्ष समितिलाई आश्वस्त पार्छ कि यस्ता मुद्दाहरू राष्ट्रभित्रै दर्ता भएमा त्यसको सम्मान गर्दै राष्ट्रिय कानुनी प्रक्रियामा सहकार्य गर्न ऊ तत्पर छ। उसले भनेको छ कि अदालतले यातना भएको ठहर गरेमा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउन र पीडकउपर आवश्यक कारबाहीका लागि सिफारिस गर्न ऊ तयार छ। सेनाले कुनै पनि अधिकारप्राप्त अधिकारी वा अदालतबाट यस मुद्दासम्बन्धी कुनै पनि जानकारी प्राप्त नगरेकोले यस मुद्दामा राष्ट्रिय उपचारको अभाव भएको हैन भन्ने राज्यपक्षको दाबी रहेको छ।

४.२ १६ जुलाई २०१० मा राज्यपक्षले अतिरिक्त दृष्टिकोण प्रस्तुत गर्दै निवेदकको गतिविधि सार्वजनिक शान्ति र सुरक्षाका लागि खतरा देखिएकोले सोधपुछका लागि २९ जुलाई २००४ मा पक्राउ गरेको बेहोरा पुनः दोहोऱ्यायो। जिल्ला प्रशासन कार्यालयको आदेशअनुसार निवेदकलाई १७ सेप्टेम्बर २००४ मा सुन्दरीजल कारागारमा स्थानान्तरण गरी निवारक नजरबन्दमा राखिएको थियो। सम्मानित सर्वोच्च अदालतको आदेशअनुसार निवेदकलाई ५ जनवरी २००५ मा रिहा गरिएको थियो।

---

[22] See general comment No. 8 (1982) on the right to liberty and security of persons, *Official Records of the General Assembly, Thirty-seventh Session, Supplement No. 40* (A/37/40), annex V, para. 4.

[23] See communications No. 1469/2006, para. 9; No. 992/2001, Saker v. Algeria , Views adopted on 30 March 2006, para. 9.12; No. 90/1981, *Luyeye Magana ex-Philibert v. Zaire*, Views adopted on 21 July 1983, para. 8; general comment No. 31 (2004) on the nature of the general legal obligation imposed on States parties to the Covenant, *Official Records of the General Assembly, F ifty-ninth Session, Supplement No. 40*, vol. I (A/59/40 (Vol. I)), annex III, para. 15.

४.३ सम्बन्धित कागजपत्रमा यातनाका बारेमा कुनै पनि अभिलेख नभएकोले निवेदकको आरोप आधारहीन छ भन्ने राज्यपक्षको दाबी छ । निवेदकका आफन्त वा कानुनी सल्लाहकारले जिल्ला अदालतसमक्ष पीडित भनिएका व्यक्तिको तीनदिन भित्र शारिरीक तथा मानसिक जाँचको लागि निवेदन दिन सक्थे । तर राज्यपक्षले निवेदकका सम्बन्धमा कुनै पनि त्यस्ता निवेदन परेको पाएन । निवेदककी दिदीले हालेको बन्दी प्रत्यक्षीकरणको रिटमा पनि यातनाको बारेमा कुनै कुरा उल्लेख नगरेको दाबी राज्यपक्षको छ । निवेदक वा उनका आफन्तले क्षतिपूर्तिका लागि निवेदन नदिएको उल्लेख राज्यपक्षले गरेको छ । त्यसैले राज्यपक्ष यो दाबी गर्दछ कि निवेदकको आरोप सत्यमा आधारित छैन । निवेदकलाई सर्वोच्च अदालतको आदेशलगत्तै रिहा गरिएको, रिहाइ पश्चात् निवेदकले स्वतन्त्र जीवनयापन गरिरहेको पाइएको र दुर्व्यवहार वा यातना भनिएको कार्यसम्बन्धी परिपूरणका लागि कुनै निवेदन जाहेर नगरिएको तर्क प्रस्तुत गरेको छ ।

४.४ यातना सम्बन्धी मुद्दामा सन् १९९० को संविधान र यातना क्षतिपूर्ति सम्बन्धि ऐन १९९६ ले कानुनी उपचारको व्यवस्था गरेको तर्क राज्यपक्षले पुनः दोहोर्‍याएको छ । १९९० को संविधानको धारा १४, उपधारा ४ मा भनिएको छ “अनुसन्धान, पुर्पक्षका वा अन्य कुनै कारणले थुनामा रहेका कुनै पनि व्यक्तिउपर शारीरिक तथा मानसिक यातना दिइनेछैन न त अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहार नै गरिनेछ । त्यस्ता व्यवहार गरिएका कुनै पनि व्यक्तिलाई कानुनले व्यवस्था गरेअनुसार क्षतिपूर्ति उपलब्ध गराइनेछ ।” यातना क्षतिपूर्ति ऐनले पनि थुना अवस्थामा यातना पाएका व्यक्तिले सो भए गरेको मितिले वा थुनाबाट फुर्सद पाएको मितिले ३५ दिनभित्र जिल्ला अदालतमा क्षतिपूर्ति दाबी गरी उजुर हाल्नसक्ने व्यवस्था गरको छ । पीडितको मृत्यु भएमा वा निज उजुर हाल्न असक्षम भएमा निजको परिवारका सदस्य वा कानुनी सल्लाहकारले निजको हकमा उजुरी हाल्नसक्ने व्यवस्था गरेको छ । अदालतले उजुरी सत्यमा आधारित भएको पाएमा पीडितलाई रु १००,०००/ सम्म क्षतिपूर्ति र दोषीउपर विभागीय कारबाहीको आदेश दिनसक्छ । राज्यपक्षले दाबी गरेको छ कि यसका न्यायपालिकाले सशस्त्र द्वन्द्वकाल र राजनीतिक संकटको जस्तो कठिन परिस्थितिमा पनि आफ्नो जिम्मेवारी स्वतन्त्र र निष्पक्ष रूपमा पूरा गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा सम्माननीय काम गरेको थियो । राज्यपक्षको दाबी अनुसार यस दृष्टिकोणले प्रमाणित गरेअनुसार निवेदकलाई सक्षम अदालतको आदेशले नै रिहा गरिएको थियो । तर निवेदकले अदालतसमक्ष उपचारको लागि कुनै प्रयत्न नगरेकोले उनको यातनाको दाबीलाई स्थापित गर्न नसकिने भएकोले यसलाई बर्खास्त गरियोस् भन्ने राज्यपक्षको माग छ ।

४.५ राज्यपक्षले भनेको छ कि निवेदकलाई शिक्षक भएकोले पक्रिएको नभई तत्कालीन अवस्थामा निषेधित गतिविधिमा संलग्न भएकोले पक्राउ गरिएको थियो । सुरक्षाफौजहरूको छुट्टै मानवअधिकार इकाइ भएको र उनीहरूलाई नेपालस्थित राष्ट्रसंघीय मानवअधिकार उच्चायुक्तको कार्यालय लगायतले विभिन्न मानवअधिकार सम्बन्धी तालिमहरू दिएका छन् । सुरक्षा अंगहरूउपर सर्वसाधारण जनतालाई शान्ति र सुरक्षाको प्रत्याभूत गराउने अतिरिक्त दबाब पनि रहन्छ जुन प्रत्युत्पादक भई सुरक्षा अंगहरूमाथि मानवअधिकार हननका आधारहीन लाञ्छनाहरू पनि लाग्ने गर्छन् भन्ने जिकिर राज्यपक्षको रहेको छ । राज्यपक्षले मानवअधिकारको पूर्ण प्रत्यभूति, सबै नागरिकलाई समान कानुनी संरक्षण र कानुनद्वारा स्थापित न्यायिक तथा प्रशासनिक प्रक्रियाद्वारा परिपूरणको अवसरको प्रतिबद्धता जनाएको छ । उसले

मानवअधिकार समितिसँग लगातार रचनात्मक सम्बन्धमा रहने प्रतिबद्धता पनि जनाएको छ । उसले यो उजुरीमाथि उल्लेखित आधारमा बर्खास्त गर्न अनुरोध गरेको छ ।

## ग्राह्यतासम्बन्धी राज्यपक्षको दृष्टिकोणमा निवेदकको टिप्पणी

५.१ २७ अप्रिल २००९ को राज्यपक्षको दृष्टिकोणउपर १९ जुलाई २०१० मा टिप्पणी गर्दै निवेदकले दाबी गरेका छन् कि उनलाई २६ नोभेम्बर २००३ मै पक्राउ गरिसकिएको थियो । २९ जुलाइ २००४ मा उनी पक्राउ परेको नभई सो मितिमा उनलाई आतंककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत थुनाको आदेश दिइएको थियो ।

५.२ राष्ट्रिय उपचारको समाप्ति सम्बन्धी विषयमा निवेदक समितिको विधिशास्त्र[24] स्मरण गर्छन् जसअनुसार राष्ट्रिय उपचार आरोपित हिंसामा उपचार प्रदान गर्न सक्षम हुनुपर्छ र ती कानुनी तथा व्यवहारिक रूपमा प्राप्त गर्न सकिने र प्रभावकारी हुनुपर्छ साथै वस्तुगत रूपमा सफलता प्राप्त गर्न सकिने सम्भावना हुनुपर्छ । साथै उजुरीकर्ताका लागि ज्यादै जोखिमयुक्त हुनहुन्न ।[25]

५.३. निवेदक पुनः दोहोऱ्याउन चाहन्छन् कि उनलाई छाउनी ब्यारेकमा नजरबन्दमा राखिएको, बाहिरी संसारसँग सम्पर्क गर्नबाट वञ्चित गरिएको र थुनास्थलको यकिन नभएको मुद्दामा बन्दी प्रत्यक्षीकरणको रिट खारेज गरिने सर्वोच्च अदालतको तत्कालीन प्रचलनले गर्दा बन्दी प्रत्यक्षीकरणको उपचार निवेदक वा उनको परिवारलाई उपलब्ध थिएन । सरकारले निवेदकको थुनाका बारेमा औपचारिक रूपमा स्वीकार गरेपछि मात्र निवेदककी दिदीले निवेदकउपर भएको यातना तथा दुर्व्यवहारको जानकारीबिनै बन्दी प्रत्यक्षीकरणको रिट जाहेर गरेकी हुनाले उजुरीमा यातना तथा दुर्व्यवहारको बारेमा उल्लेख गरिएको थिएन । अदालतमा सुनुवाइका बखत यातनाका निशानहरू कपडाले छोपिएको थियो भने न्यायाधीशले पनि हिरासतमा भएको व्यवहारबारे कुनै सोधपुछ नगरेको र निवेदकसँग यातनालाई पुष्टि गर्ने स्वास्थ्य जाँच प्रतिवेदन पनि नभएको अवस्था थियो भने तत्कालीन अवस्थामा निवेदक यातना तथा दुर्व्यवहारको बारेमा उजुर गर्न ज्यादै डराएको अवस्था थियो । यसका अतिरिक्त अदालतको आदेशले निवेदकको रिहाइ भएलगत्तै उनलाई अदालत परिसरबाटै पुनः पक्राउ गर्ने कोसिसहरू भएका थिए जुन तत्कालीन अवस्थामा व्यापक रूपमा हुने गर्थ्यो ।[26] निवेदक स्मरण गर्छन् कि उनको रिहाइको ३, ४ हप्ता पछि उनी यातना सरोकार केन्द्र (सिभिक्ट) मा सम्पर्क गरी सल्लाहबमोजिम अस्पताल जाँदै गर्दा उनलाई सेनाले पिछा गरेका थिए जसले गर्दा उनी अस्पतालसम्म जान

---

[24] See communication No. 594/1992, Phillip v. Trinidad and Tobago, Views adopted on 20 October 1998, para. 6.4; communication No. 210/1986, para. 12.3.

[25] See communication No. 594/1992, para 6.4; see also African Commission on Human and Peoples' Rights, Alhassan Abubakar v. Ghana, communication No. 103/93, para. 6; African Commission on Human and Peoples' Rights, *Sir Dawda K. Jawara v. The Gambia*, communications No. 147/95 and149/96, para. 35.

[26] See Committee against Torture, conclusions and recommendations of the Committee against Torture: Nepal, CAT/C/NPL/CO/2, para. 28; Amnesty International urgent actions No. 83/05, 12 April 2005; No. 275/04, 18 October 2004; No. 12/06, 12 January 2006; No. 358/03, 11 January 2005.

सकेनन् । यस्ता त्रासहरू पुनः पक्राउ परिने र प्रतिशोध लिइने डरले गर्दा निवेदकले प्रहरी, सेनामा वा यातना क्षतिपूर्ति ऐन अन्तर्गत अदालतमा उजुरी हालेनन् ।

५.४ निवेदक दोहोऱ्याउँछन् कि उनको पक्षमा ३ डिसेम्बर २००३ मा राष्ट्रिय मानवअधिकार आयोगमा निवेदन पेश गरिएको थियो (हेर्नुहोस् परिच्छेद २.११) । ८ जुलाइ २०१० मा निवेदकले निवेदन दर्ताको भर्पाइपत्र प्राप्त गरेका थिए । उक्त पत्रले सशस्त्र द्वन्द्वका समय निवेदकलाई सुरक्षाफौजले १ डिसेम्बर २००३ मा बेपत्ता बनाएको उल्लेख गरेको छ ।[27] निवेदकले दाबी गरेका छन् कि राष्ट्रिय मानव अधिकार आयोग अर्धन्यायिक अंग[28] भएको र यसले सिफारिस मात्र गर्न सक्ने भएकोले यसमा पेश गरेको निवेदन नै प्रभावकारी उपचार होइन । यद्यपि राष्ट्रिय मानवअधिकार आयोग नै एकमात्र त्यस्तो अंग थियो जसमा निवेदकले प्रतिशोधको त्रासबिनै उजुरी हाल्न सक्थे । निवेदक सुन्दरीजल कारागारमा थुनिएको अवस्थामा उनीसँग राष्ट्रिय मानवअधिकार आयोगका प्रतिनिधिहरूले भेट गरी यातना क्षतिपूर्ति ऐन अन्तर्गत निवेदन नहाल्न सुझाव दिएका थिए । निवेदकले जिकिर गरेका छन् कि समितिको यो दृष्टिकोण राज्यपक्षलाई जानकारी गराइएपछि पनि उनको मुद्दामा कुनै पनि प्रकारको अनुसन्धान गरिएको छैन जुन धारा ७ को अर्को उल्लंघन हो ।[29]

५.५ निवेदक दोहोऱ्याउँछन् कि आफ्नो सुरक्षा सम्बन्धी जायज डरत्रासको अवस्थामा संवैधानिक र यातना क्षतिपूर्ति ऐन अन्तर्गतका उपचारहरू राष्ट्रिय उपचारको उपभोग समाप्तिका लागि प्राप्य र प्रभावकारी हुँदैनन् । सन् १९९० को संविधानले यातनालाई अपराधका रूपमा स्वीकार गरेको थिएन । सन् २००७ को अन्तरिम संविधानले यातना र जबर्जस्ती बेपत्ता पार्ने कार्यलाई अपराधका रूपमा स्थापित गरेको भएपनि हालसम्म पनि दण्डसजाय सम्बन्धी ऐन पारित भएको छैन । संविधानमा निवारक नजरबन्दको सम्बन्धमा उल्लेख गरिएको छैन भने यसलाई आपराधिक कार्य घोषित पनि गरिएको छैन । निवेदकका अनुसार यातना क्षतिपूर्ति ऐनले पीडकउपर आपराधिक कार्यका लागि जवाफदेहिताको व्यवस्था नगरेकोले[30] यस ऐन अन्तर्गत उजुरी हाल्नु प्रभावकारी उपचार विधि नभएको र प्रतिशोधको डर तथा रिहाइपछि निवेदकको शारीरिक तथा मानसिक अवस्थाले गर्दा ऐनले दिएको ३५ दिनको हदम्यादभित्र उजुर हाल्न असमर्थ भएको दाबी गर्छन् । यसका साथै निवेदकले दाबी गरेका छन् कि हदम्यादको व्यवस्था अनुबन्धको धारा ७ को विपरीत छ ।[31] यसका अतिरिक्त निवेदकलाई थुनामा रहँदा स्वास्थ्य जाँच नगराइएको र रिहाइ पश्चात् पनि पुनः पक्राउ परिने र प्रतिशोध लिइने डरले गर्दा स्वास्थ्य जाँच गर्न नसकिएको अवस्थामा स्वास्थ्य जाँचको प्रमाणको अभावमा यातना क्षतिपूर्ति ऐन अन्तर्गत यातनाको दाबी गरी उजुरी दर्ता गर्न नसकिएको भनी निवेदकले जनाएका

---

[27] The letter by NHRC does not provide any further details on the circumstances or length of his disappearance.

[28] See pp. 9 – 11 of the State party's response in communication No. 1761/2008, *Giri v. Nepal*, Views adopted on 24 March 2011; communication No. 612/1995, *Vicente et al. v. Colombia*, Views adopted on 14 June 1994, para. 5.2.

[29] See general comment No. 31, para. 15.

[30] Section 7 of the Compensation relating to Torture Act provides that if it is held that torture has been committed in accordance with this Act, the district court shall order the concerned authority to take a departmental action according to existing law against the government employee who committed the act of torture.

[31] See article 29 of the Rome Statue of the International Criminal Court; also see general comment No. 31, para. 18.

छन् । साथै आरोपित अपराध नेपालमा अवैध नभएको र यस्ता अनुसन्धान सेना आफैँले वा संयुक्त सुरक्षाफौज अन्तर्गत सेनाको मातहतमा रहेको प्रहरीले गर्ने भएकोले निष्पक्ष अनुसन्धानको गुञ्जाइस नभएकोले राष्ट्रिय कानुन अन्तर्गत उजुर हाल्न नसकिएको तर्क निवेदकको छ ।

५.६ प्रमाणका सम्बन्धमा निवेदकले आफ्नो व्यक्तिगत विस्तृत विवरण, सँगै थुनिएका भिनाजुको बयान, शारीरिक घाउचोट र उनको व्यक्तित्वमा आएको परिवर्तनबारे उनकी श्रीमती र दिदीले दिएको बयान, एक स्थानीय गैरसरकारी संस्थाले राष्ट्रिय मानवअधिकार आयोगलाई लेखेको पत्र, निवेदकसहित थुनुवाहरूले संयुक्त रूपमा आइसिआरसीलाई लेखेको पत्रका साथै शारीरिक तथा मानसिक स्वास्थ्य जाँचको प्रतिवेदन सहितका विश्वसनीय तथा विस्तृत प्रमाणहरू पेश गरेको दाबी गरेका छन् । राज्यपक्षले उनको दाबी झुटो साबित गर्ने कुनै प्रमाणहरू पेश गर्न नसकेको दाबी निवेदकले गरेका छन् । यसका साथै राज्यपक्षले उल्लेख गरेको सुन्दरीजल कारागारमा स्थानान्तरणका लागि लेखेको भनेको पत्र निवेदकलाई नदेखाइएको र समितिलाई पठाएको राज्यपक्षको दृष्टिकोणमा पनि अनुच्छेदमा समावेश गरिएको छैन । साथै पत्रमा उल्लेख गरिएको बेहोरा जे भएपनि निवेदकले कारागारमा रहँदा स्वास्थ्योपचारको सुविधा नपाएको, थुनापूर्व उनको स्वास्थ्य अवस्था राम्रो रहेको र राज्यपक्षले उनको शरीरमा भएको घाउचोट थुनामा रहँदा यातना तथा दुर्व्यवहारका कारण भएको होइन भनी प्रमाणित गर्नसकेको छैन ।

## निवेदकको तर्फबाट थप टिप्पणीहरू

६.१ १६ जुलाइ २०१० को राज्यपक्षको दृष्टिकोणउपर २८ सेप्टेम्बर २०१० मा निवेदकले टिप्पणी पेश गर्दै पुनः १९ जुलाइ २०१० मा टिप्पणी पेश गरेका छन् । उनले पुनः दोहोऱ्याएका छन् कि राज्यपक्षले दाबी गरे अनुसार उनलाई २९ जुलाइ २००४ मा पक्राउ गरेको नभई २६ नोभेम्बर २००३ मा पक्राउ गरेर ५ जनवरी २००५ मा रिहा गरिएको नभई ७ जनवरी २००५ मा रिहा गरिएको थियो ।[32] उनलाई पक्राउ गर्नुको कारणका सम्बन्धमा राज्यपक्षले दाबी गरे अनुसार उनलाई पक्राउ पर्नुको कारणबारे कुनै जानकारी दिइएको थिएन र राज्यपक्षले उनको गैरकानुनी गतिविधिबारे कुनै प्रमाण प्रस्तुत गर्न सकेको अवस्था छैन भन्ने दाबी निवेदकले गरेका छन् ।

६.२ निवेदकले उल्लेख गरेका छन् कि उनलाई पक्राउ पश्चात् कुनै न्यायाधीश समक्ष उपस्थित गराइएको थिएन भने उनीमाथि कुनै अपराधको आरोप लगाइएको थिएन । उनले भनेका छन् कि यातना क्षतिपूर्ति ऐनको दफा ३ (३) अनुसार हिरासतमा लिने निकायले थुनुवालाई जिल्ला अदालतसमक्ष प्रस्तुत गर्दा स्वास्थ्य जाँचको प्रतिवेदन सहित पेश गर्नुपर्छ तर राज्यपक्षले कुनै पनि स्वास्थ्य जाँचको प्रतिवेदन पेश नगरेकोले थुनुवालाई स्वास्थ्य जाँचको सुविधा उपलब्ध नगराइएको प्रस्ट हुन्छ ।

[32] A letter from the Supreme Court to the Sundarijal detention centre requesting the author's release is stamped on 6 January 2005.

६.३ "सुराक्षा निकायको मनोबल उच्च राख्ने र उनीहरूलाई प्रभावकारी बनाउन आवश्यक परेको अवस्थामा आधारहीन आरोपको भरमा उनीहरूमाथि आरोप लगाई निराश पार्नु झन् प्रत्युत्पादक हुन्थ्यो" भन्ने राज्यपक्षको दृष्टिकोणमा निवेदक तर्क गर्छन् कि स्वेच्छाचारी पक्राउ, यातना तथा अन्य प्रकारका दुर्व्यवहार सम्बन्धी आरोप भएको मुद्दामा पूर्ण र प्रभावकारी अनुसन्धान गर्नु र पीडितलाई प्रभावकारी उपचार तथा उचित परिपूरण प्रदान गर्नु राज्यको दायित्व हो । उनी थप्छन् कि राज्यको नीति सम्बन्धी तर्क र दोषी व्यक्तिको पदीय हैसियतले राज्यको दायित्वमाथि कुनै फरक पार्दैन ।[33]

## समितिमा विवाद र सुनुवाइ

*ग्राह्यता उपर समितिको फैसला*

७.१ निवेदनमा लिइएको दाबीउपर छलफल गर्नुपूर्व मानवअधिकार समितिले यसको कार्यविधिको नियम ९३ अनुसार यो मुद्दा अनुबन्धको ऐच्छिक आलेख अन्तर्गत ग्राह्य छ कि छैन भनी हेर्नुपर्छ ।

७.२ ऐच्छिक आलेखको धारा ५, परिच्छेद २ (क) ले व्यवस्था गरेअनुसार समितिले निर्क्योल गरेको छ कि यस मुद्दालाई हालसम्म अन्य अन्तर्राष्ट्रिय अनुसन्धान वा व्यवस्थापन अन्तर्गत हेरिएको छैन ।

७.३ राष्ट्रिय उपचारको उपभोग समाप्ति सम्बन्धमा समितिले टिपोट गरेको छ कि निवेदकले राष्ट्रिय अदालतमा कुनै पनि उजुरी दर्ता नगराएकोले निवेदकको निवेदन (communication) ले ऐच्छिक आलेखको धारा ५, परिच्छेद २ (ख) अन्तर्गत व्यवस्थाहरू पूरा गरेको छैन । यसले राज्यपक्षको तत्काल प्रचलित नेपाल अधिराज्यको संविधान १९९० र यातना क्षतिपूर्ति ऐन १९९६ अन्तर्गत उजुरी दर्ता गराउन सकिने र जिल्ला अदालतमा शारीरिक तथा मानसिक स्वास्थ्य जाँचका लागि तीन दिनभित्र आदेश दिन माग गर्दै निवेदन दर्ता गर्न सकिने दाबीबारे पनि टिपोट गरेको छ । समितिले निवेदकको हकमा पेश गरिएको बन्दीप्रत्यक्षीकरण रिटमा यातनाबारे उल्लेख नगरिएको भनी राज्यपक्षले लिएको जिकिरको पनि टिपोट गरेको छ । समितिले निवेदकको तर्फबाट दाबी गरिएको राष्ट्रिय उपचार प्रभावकारी नभएको क) उल्लंघन भनिएको कार्यलाई फौजदारी अपराध बनाइएको छैन । ख) तत्कालीन अवस्थामा संयुक्त सुरक्षाफौज अन्तर्गत प्रहरीलाई सेनाको कमान्ड अन्तर्गत राखिएकोले सानातिना अपराधका घटनामा हालिएको उजुरी उपर न त निष्पक्ष अनुसन्धान नै हुन्छ न त पर्याप्त परिपूरण नै उपलब्ध गराइन्छ । ग) सरकारले निवेदकको थुनाबारे औपचारिक रूपमा स्वीकार नगरेको अवस्थामा पीडित पक्षले बन्दीप्रत्यक्षीकरणको निवेदन जाहेर गर्नसक्ने प्रावधान थिएन भने उनको थुनाबारे सरकारले स्वीकार गरेपछि पेश गरेको बन्दीप्रत्यक्षीकरणको रिटमा निवेदकको दिदीलाई यातना तथा दुर्व्यवहारबारे थाहा थिएन । घ) छोटो अवधिको कानुनी हदम्यादका कारण सार्वजनिक सुरक्षा ऐन र आतंककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण तथा सजाय) अध्यादेश २००४ अन्तर्गत उजुरी हाल्न नसकिएको र उजुरी हालिएको भए पनि यसले रिहाइ सम्बन्धी भन्दा पनि बदनियतका साथ थुनामा राखिएको पुष्टि गर्न सकिएको

[33] See general comment No. 31, paras. 4, 14 and 18.

खण्डमा क्षतिपूर्ति उपलब्ध गराउने व्यवस्था मात्र गरेको छ । ङ) यातना क्षतिपूर्ति ऐन अन्तर्गतको उपचारका लागि पनि छोटो कानुनी हदम्याद भएको र यसले उपलब्ध गराउने क्षतिपूर्ति पनि अपर्याप्त रहेको छ । समितिले तत्कालीन अवस्थामा प्रतिशोध र पुनः पक्राउ परिने डरले गर्दा राष्ट्रिय मानव अधिकार आयोगबाहेक अन्य राष्ट्रिय कानुनी उपचारका लागि पहल गर्न नसकिएको भन्ने निवेदकको दाबीलाई पनि टिपोट गरेको छ ।

७.४ यस सम्बन्धमा समिति स्मरण गर्न चाहन्छ कि ऐच्छिक आलेखको धारा ५, परिच्छेद २ (ख) सम्बन्धमा राष्ट्रिय उपचार प्रभावकारी तथा प्राप्य हुनुपर्छ र अनावश्यक रूपमा लामो र झन्झटिलो हुनहुन्न ।[34] जबर्जस्ती बेपत्ता, यातना, दुर्व्यवहार, स्वेच्छाचारी थुना र थुनास्थलको अमानवीय अवस्थाका सम्बन्धमा निवेदकले उजुरी नहालेको सम्बन्धमा राज्यपक्षको धारणाबारे समिति यो दृष्टिकोण राख्दछ कि राज्यपक्षले निवेदकको यातना सम्बन्धी उजुरी तत्कालीन अवस्थामा प्रचलित १९९० को संविधान, यातना क्षतिपूर्ति ऐन र जिल्ला अदालतमा निवेदन हाल्न सकिने व्यवस्थाको बारेमा सैद्धान्तिक सूची प्रस्तुत गरेको भएपनि ती उपचारहरूलाई निवेदकको मुद्दाको तत्कालीन अवस्थासँग जोडेर नहेरिएको र त्यस्ता अवस्थामा प्रभावकारी परिपूरण कसरी उपलब्ध गराइने थियो भन्ने उल्लेख नगरिएको पाइयो । समिति स्मरण गर्न चाहन्छ कि प्रभावकारी उपचार उल्लंघनको प्रकृतिमा निर्भर गर्छ ।[35]

७.५ संविधानको धारा १४, परिच्छेद ४ ले थुनुवालाई शारीरिक तथा मानसिक यातना, क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार गर्न नहुने जस्ता सामान्य सिद्धान्तका बारेमा व्यवस्था गरेको छ । तर यी सामान्य प्रावधानहरूलाई राज्यपक्षले कानुन बनाएर सम्बन्धित अपराधलाई परिभाषित गर्ने र सजायको व्यवस्था गर्ने नगरेको पाइयो । यहाँ समिति सामान्य टिप्पणी नं २० को स्मरण गर्न चाहन्छ जसअनुसार यस्ता व्यवहार वा सजायलाई निषेध गर्नु वा त्यसलाई फौजदारी अपराध बनाउनु मात्र धारा ७ को कार्यान्वयन भएको मान्न सकिन्न । राज्यपक्षले समितिलाई आफ्नो प्रादेशिक क्षेत्रभित्र यातना तथा अन्य क्रूर, अमानवीय वा अपमानजनक व्यवहारलाई निषेध गर्न तथा सजाय गर्न, विधायक, प्रशासनिक, न्यायिक तथा अन्य उपायहरूको व्यवस्था गरेको जानकारी गराउनुपर्छ ।[36] गम्भीर प्रकृतिका उल्लंघन भनिएका कार्यको र संवैधानिक हकको प्रयोग गरी दायर गरिएको निवेदनमा निवेदकलाई उनको उजुरीमा कसरी शीघ्र, प्रभावकारी र निष्पक्ष अनुसन्धान र दोषीउपर कारबाही लगायत प्रभावकारी राहत उपलब्ध गराउने थियो भन्नेबारेको राज्यपक्षले कुनै जानकारी उपलब्ध नगराइएको सम्बन्धमा समिति यो दृष्टिकोण राख्दछ कि संविधानले व्यवस्थामा गरेको प्रावधानहरू ऐच्छिक आलेखको धारा ५, परिच्छेद २ (ख) को सामञ्जस्यतामा हेरिनु आवश्यक छैन ।

[34] See communications No. 1560/2007, *Marcellana and Gumanoy v. The Philippines*, Views adopted on 30 October 2008, para. 6.2; No. 1469/2006, para. 6.3; No. 1761/2008, para. 6.3.
[35] See communication No. 612/1995, para. 5.2; communication No. 322/1988, *Rodríguez v. Uruguay*, Views adopted on 19 July 1994, para. 6.2; communication No. 540/1993, para. 7.2.
[36] See general comment No. 20, para. 8.

७.६ यातना क्षतिपूर्ति ऐन १९९६ अन्तर्गतको उपचार सम्बन्धमा समिति यो दृष्टिकोण राख्दछ कि दफा ५, परिच्छेद १ अनुसार क्षतिपूर्तिका लागि यातना भएको वा रिहा भएको ३५ दिनभित्र निवेदन दायर गरिसक्नुपर्छ । सो ऐनको दफा ६, परिच्छेद २ अनुसार झुट्टा मुद्दा दायर गरेको प्रमाणित भएमा निवेदकउपर कारबाही हुने व्यवस्था गरेको छ भन्ने पनि समितिले टिपोट गरेको छ । समितिले टिपोट गरेको छ कि ऐनले हदैसम्मको क्षतिपूर्ति बापत रु १००,००० (ऐनको दफा ६, (१)) सम्म पाउने व्यवस्था गरेको छ । अगाडिका विधिशास्त्रहरूको स्मरण गर्दै समितिले आफ्नो धारणा राख्छ कि यस मुद्दामा उल्लेख भए जस्तो गम्भीर प्रकृतिको हिंसाविरुद्ध हालिएको मुद्दाले राज्यपक्षले आरोपित पीडकविरुद्ध गर्नु पर्ने कारबाहीलाई प्रतिस्थापित गरेको मान्न सकिन्न ।[37] ग्राह्यता सम्बन्धमा त्यस्तै प्रकृतिका मुद्दाका दस्ताबेज प्रमाणहरूका आधारमा निवेदकको रिहाइलगत्तै पुनः पक्राउ पर्ने वा प्रतिशोध लिइने खतरालाई पूर्ण रूपमा स्वीकार गर्न सकिन्छ । त्यसकारण समिति यो निर्णयमा पुग्छ कि यातना क्षतिपूर्ति ऐनमा भएको ३५ दिने हदम्याद जुन आफैँमा अपराधको गम्भीरतासँग पूर्णतया सामञ्जस्यता राख्दैन[38] यो उपचार निवेदकलाई उपलब्ध थिएन ।

७.७ निवेदक वा उनको पक्षमा जोकोहीले पनि जिल्ला अदालतमा तीन दिनभित्र उनको शारीरिक तथा मानसिक जाँचका लागि निवेदन दिनसक्थ्यो भन्ने राज्यपक्षको तर्कका सम्बन्धमा समिति यो धारण राख्दछ कि निवेदकलाई नजरबन्दमा राखिएको थियो र उनको परिवारलाई उनी कहाँ राखिएका छन् र उनीमाथि के कस्तो व्यवहार गरिएको छ भन्ने बारे कुनै जानकारी थिएन । समितिले टिपोट गरेको छ कि यस मुद्दामा उजुरी परेको भए राज्यपक्षले निवेदकलाई कस्तो उपचार र प्रभावकारी राहत उपलब्ध गराउने थियो भन्ने बारे राज्यपक्षले केही उल्लेख गरेको छैन । त्यसैले समिति यस मुद्दाको सम्बन्धमा निवेदक वा उनको परिवारलाई ती उपचारहरू उपलब्ध हुने थिएन भन्ने धारणा राख्दछ ।

७.८ यस मुद्दाको अवस्था हेर्दा निवेदकले अदालतमा उजुरी नहालेकोमा दोष लगाउन सकिँदैन भन्ने निष्कर्षमा समिति पुगेको छ । समितिले निवेदक र उनको परिवारले राज्यका जिम्मेवार निकायसमक्ष निवेदकको स्वेच्छाचारी पक्राउ र नजरबन्द सम्बन्धमा जानकारी गराएको ठहर गर्दछ । त्यसकारण समितिले उनको मुद्दाको सम्बन्धमा न त राष्ट्रिय उपचार प्रभावकारी थियो न त प्राप्य नै थियो भन्ने निवेदकको तर्कलाई समर्थन गर्छ र यसलाई ऐच्छिक आलेखको धारा ५, परिच्छेद २ (ख) ले यस निवेदनउपर जाँच गर्न बन्देज नलगाएको ठहर गर्दछ ।[39] समितिले यस निवेदनलाई ग्रहण गर्न कुनै बाधा नभएको ठहर गर्दै अनुबन्धको धारा २, परिच्छेद ३ र धारा ७, ९ र १० को सामञ्जस्यतामा निवेदकको मुद्दाको विषयवस्तु उपर जाँच गर्ने कार्यविधि अगाडि बढाउँछ ।

[37] See communication No. 1588/2007, *Benaziza v. Algeria* , Views adopted on 26 July 2010, para. 8.3.
[38] See general comment No. 31, para. 18.
[39] See communication No. 1633/2007, *Avadanov v. Azerbaijan*, Views adopted on 25 October 2010, para. 6.4.

## मुद्दाको विषयवस्तुउपर विचार

८.१ मानवअधिकार समितिले प्राप्त गरेको सबै जानकारीका आधारमा यस निवेदनउपर ऐच्छिक आलेखको धारा ५, परिच्छेद १ बमोजिम विचार गरेको छ ।

८.२ समितिले निवेदकको गैरन्यायिक थुनामा उनले सहनुपरेको भनिएको दुःखकष्टको पराकाष्ठालाई आत्मसात गरेको छ । यातना तथा अन्य क्रूर, अमानवीय तथा अपमानजनक व्यवहार वा सजायको निषेध सम्बन्धमा समितिले आफ्नो सामान्य टिप्पणी नं २० (१९९०) को स्मरण गर्न चाहन्छ ।[40] प्राप्त सूचनाका आधारमा समितिले ठहर गरेको छ कि निवेदकलाई २६ नोभेम्बर २००३ मा पक्राउपुर्जी बिना पक्राउ गरी नजरबन्दमा राखिएको र त्यसको ८ महिनापछि अर्थात् २९ जुलाई २००४ मा मात्र उनलाई आतंककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण तथा सजाय) अध्यादेश अन्तर्गत निवारक नजरबन्दमा राख्ने आदेश जारी गरिएको थियो । यसले टिपोट गरेको छ कि राज्यपक्षले विस्तृत विवरण नखुलाई निवेदकलाई २९ जुलाई २००४ मा पक्राउ गरिएको दाबी गरेको छ । निवेदकलाई १७ सेप्टेम्बर २००४ मा सुन्दरीजल कारागारमा स्थानान्तरण गर्नुपूर्व सैनिक हिरासतमा नजरबन्दमा राखिँदा उनलाई आफ्नो परिवार र बाहिरी संसारसँग सम्पर्क गर्न नदिइएको पनि टिपोट गरेको छ । उनलाई ७ जनवरी २००५ सम्म निवारक नजरबन्दमा राखिएको थियो ।

८.३ निवेदकको जबर्जस्ती बेपत्तासम्बन्धी आरोपमाथि राज्यपक्षले कुनै प्रतिक्रिया जनाएको छैन भने सैनिक हिरासतमा रहँदा निवेदकलाई चार दिनसम्म लगातार यातना तथा दुर्व्यवहार गरिएको भन्ने आरोपको पनि खण्डन गरेको छैन । सैनिक हिरासतमा राखिदा निवेदकलाई कोठाको क्षमताभन्दा बढी बन्दीहरूसँग राखिएको, हिरासत कोठामा जुम्रा र उपियाँ भएको, एउटा कम्बलको भरमा चिसो भुइँमा रात कटाउनुपरेको, हिरासत अवधिभर आँखामा पट्टि वा टाउकोमा कपडाले छोपेर राखिएको, पहिलो दुई महिनासम्म अपर्याप्त खाना उपलब्ध गराइएको, न्यून सरसफाइको सुविधा दिइएको, हिरासत अवधिभर जम्मा तीनपटक मात्र नुहाउने अवसर दिइएको, जथाभावी कुट्ने र लात्तीले हान्ने गरिएको साथै गार्डले गालीगलौज गर्ने र धम्काउने गरेको भन्ने निवेदकको आरोप समितिले टिपोट गरेको छ । निवेदक र राज्यपक्षबीच प्रमाणसमक्ष समान पहुँच नहुने र प्रायःजसो राज्यपक्षसँग मात्र यस्ता प्रमाणहरू हुने भएकोले समितिले प्रमाणको भार निवेदकमा मात्र रहँदैन भन्ने ठहर गरेको छ ।[41] ऐच्छिक आलेखको धारा ४, परिच्छेद २ अनुसार कुनै पनि राज्य वा उसका प्रतिनिधिविरुद्ध अनुबन्धको उल्लंघन गरेको आरोप लागेमा राज्यपक्षले असल नियतले त्यसको अनुसन्धान गरी प्राप्त सूचना समितिलाई उपलब्ध गराउनु राज्यको कर्तव्य हो । आरोपलाई पुष्टि गर्ने गरी निवेदकले पेश गरेका विश्वसनीय प्रमाणहरू र त्यसको वैधता प्रमाणित गर्ने सूचना राज्यपक्षको हातमा रहेको भए पनि

---

[40] *Official Records of the General Assembly, Forty-seventh Session, Supplement No. 40* (A/47/40), annex VI, sect. A, para. 11.

[41] See communication No. 1782/2008, Aboufaied v. Libya, Views adopted on 21 March 2012, para. 7.4; communication No. 1422/2005, *El Hassy v. Libyan Arab Jamahiriya*, Views adopted on 24 October 2007, para. 6.7; and communication No. 1297/2004, *Medjnoune v. Algeria*, Views adopted on 14 July 2006, para. 8.3.

राज्यपक्षले सन्तोषजनक प्रमाणहरू र विश्लेषणहरू उपलब्ध गराउन नसकेको अवस्थामा समितिले निवेदकको आरोपलाई जायज मान्न सक्नेछ । यस मुद्दामा राज्यपक्षले चित बुझ्दो विश्लेषण प्रस्तुत गर्न नसकेको अवस्थामा समितिले निवेदकको आरोपलाई बढी प्राथमिकता दिनुपर्ने हुन्छ ।

८.४ समितिलाई प्राप्त सूचनाका आधारमा निवेदकलाई परिवार र बाहिरी संसारसँग सम्पर्क गर्न नदिई नजरबन्दमा राखिनु, चार रातसम्म लगातार यातना तथा दुर्व्यवहार गरिनु र उनको थुनाको अवस्था आदिले निवेदकको प्रत्येक आरोपको सम्बन्धमा अनुबन्धको धारा ७ को उल्लंघन भएको ठहर्छ ।[42]

८.५ निवेदकलाई जबर्जस्ती बेपत्ता बनाएको दिनदेखि १७ सेप्टेम्बर २००४ सम्म अर्थात् सरकारी पक्षले उनको थुनाबारे औपचारिक रूपमा स्वीकार गरेपछि आफन्तलाई भेट गर्न दिइएको अवधिसम्म उनको परिवारले सहनुपरेको चिन्ता र पीडाबारे समितिले टिपोट गरेको छ । निवेदककी श्रीमती आठ महिने गर्भवती अवस्थामा परिवारको एक्लो कमाउने व्यक्तिलाई पक्राउ गरिएपछि उनीहरूलाई पर्न गएको आर्थिक बोझको बारेमा पनि समितिले टिपोट गरेको छ । त्यसकारण समितिले निवेदकको श्रीमती र आमाबुवाको सम्बन्धमा अनुबन्धको धारा २, परिच्छेद ३ को सामञ्जस्यतामा धारा ७ को उल्लंघन भएको ठहर गर्छ ।[43]

८.६ अनुबन्धको धारा ९ को उल्लंघन भएको भनिएको सम्बन्धमा समितिले स्मरण गर्छ कि निवेदकका अनुसार २६ नोभेम्बर २००३ मा उनलाई तत्कालीन शाही नेपाली सेनाका सिपाहीहरूले पक्राउपुर्जी बिना पक्राउ गरी उनीमाथि लागेको आरोपबारे जानकारी नदिई छाउनी सैनिक व्यारेकमा नजरबन्दमा राखियो । समितिले निवेदकलाई थुनामा राखिएको अवस्थामा कहिले पनि अदालतसमक्ष उपस्थित गराइएन र राज्यपक्षले उनको थुनाबारे औपचारिक रूपमा स्वीकार नगरेसम्म उनले स्वेच्छाचारी थुनाका विरुद्ध अदालतमा चुनौती दिन सकेनन् र थुनाबारे सरकारले औपचारिक रूपमा स्वीकार गरेपछि मात्र उनकी दिदीले सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट दायर गर्न सफल भएकी थिइन् भन्ने स्मरण गर्न चाहन्छ । समितिले संकटकाल घोषणासँगै लागू गरिएको आतंककारी तथा विध्वंसात्मक गतिविधि (नियन्त्रण तथा सजाय) अध्यादेश २००४ को अधिकार प्रयोग गरी निवेदकलाई पक्राउ गरिएको र उक्त अध्यादेशले शंकास्पद व्यक्तिलाई पक्राउ गर्ने र एक बर्षसम्म थुनामा राख्ने अधिकार दिएको छ भन्ने राज्यपक्षको दाबीलाई पनि टिपोट गरेको छ । तर निवेदकको पक्राउ तथा २६ नोभेम्बर २००३ देखि २९ जुलाइ २००४ र २६ अक्टोबर २००४ देखि १ नोभेम्बर २००४ सम्मको थुना, उनीविरुद्धको आरोप र उनको पक्राउ तथा थुनाको वैधता

---

[42] See communications No. 1761/2008, para. 7.6; No. 1422/2005, *El Hassy v. Libyan Arab Jamahiriya* , Views adopted on 24 October 2007, para. 6.2; No. 540/1993, para. 8.5; No. 458/1991, para. 9.4; and No. 440/1990, para. 5.4.

[43] See communication No 1640/2007, *El Abani v. Libyan Arab Jamahiriya*, Views adopted on 26 July 2010, para. 7.5; No. 1295/2004, *El Awani v. Libyan Arab Jamahiriya*, Views adopted on 11 July 2007, para. 4; No. 107/1981, para. 14; and No. 950/2000, para. 9.5.

सम्बन्धी अदालतको निर्णय सम्बन्धमा राज्यपक्षबाट प्रासङ्गिक स्पष्टीकरणको अभावमा समितिले धारा ९ को उल्लंघन भएको ठहर गर्दछ ।[44]

८.७ धारा १० को सम्बन्धमा समिति दोहोर्‍याउन चाहन्छ कि स्वतन्त्रता हनन भएका व्यक्तिहरू उपर सो कारणबाट हुने कष्टबाहेक अन्य कष्ट वा विवशता हुनुहुन्न र उनीहरूसँग मानवीय व्यवहार गरिनुपर्छ र उनीहरूको प्रतिष्ठाको सम्मान गरिनुपर्छ । निवेदकउपर हिरासतमा भएको व्यवहारबारे राज्यपक्षको तर्फबाट सूचना प्राप्त नभएबाट समितिले निवेदकलाई सैनिक हिरासतमा दुर्व्यवहार भएको भन्ने आरोपलाई मान्दै धारा १०, परिच्छेद १ अन्तर्गतको उनको अधिकार हनन भएको ठहर गर्दछ ।[45]

८.८ निवेदकले अनुबन्धको धारा २, परिच्छेद ३ को जिकिर गरेको छ जसअनुसार पक्षराष्ट्रले अनुबन्धले मान्यता दिएको उपचार सबैलाई प्राप्य, प्रभावकारी र लागू गर्न सकिने बनाउने प्रत्याभूत गर्नुपर्छ । राज्यपक्षले संकटकाल लागू गरेको अवस्थामा पनि अधिकार हनन भनिएको कार्यलाई सम्बोधन गर्न उचित न्यायिक तथा प्रशासनिक संयन्त्रहरूको स्थापना गर्नुपर्ने महत्वमा जोड दिन चाहन्छ ।[46] समिति स्मरण गर्न चाहन्छ कि पक्षराष्ट्रले हिंसाको आरोपको छानबिन गर्न असफल हुनुले अनुबन्धको अलग उल्लंघन गरेको ठहर्न सक्छ ।[47] यस मुद्दाका सम्बन्धमा समितिलाई प्राप्त सूचनाका आधारमा निवेदकलाई प्रभावकारी उपचारसमक्ष सहज पहुँच प्राप्त नभएकोले धारा २, परिच्छेद ३ को सामञ्जस्यतामा धारा ७, ९ र १०, परिच्छेद १ को उल्लंघन भएको समितिले ठहर गर्दछ ।

८.९ मानवअधिकार समितिले नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धको ऐच्छिक आलेखको धारा ५, परिच्छेद ४ का आधारमा विचार गर्दा निवेदकको धारा २, परिच्छेद ३ को सामञ्जस्यतामा धारा ७, ९ र १०, परिच्छेद १ को उल्लंघन भएको ठहर गर्दछ । समिति यो निष्कर्षमा पुगेको छ कि निवेदकको श्रीमती र बुवाआमाका सम्बन्धमा अनुबन्धको धारा २, परिच्छेद ३ को सामञ्जस्यतामा धारा ७ को उल्लंघन भएको छ ।

९. अनुबन्धको धारा २, परिच्छेद ३ (क) का अनुसार राज्यपक्ष निवेदक र उनको परिवारलाई (क) निवेदक माथि भएको यातना तथा दुर्व्यवहारउपर पूर्ण र लगनशील अनुसन्धान गरेर, (ख) जिम्मेवार अधिकारीविरुद्ध अभियोजन र दण्डसजाय गरेर, (ग) निवेदक र उनको परिवारले भोग्नुपरेको हिंसाका लागि उचित क्षतिपूर्ति प्रदान गरेर, (घ) यातना क्षतिपूर्ति ऐनमा भएको ३५ दिने हदम्यादसहित अनुबन्धको मापदण्ड अनुरूप कानुनमा सुधार गरेर, यातनालाई अपराध परिभाषित गरी फौजदारी अपराध बनाउने कानुन बनाएर, यातना तथा जबर्जस्ती बेपत्ता पार्ने कार्यमा संलग्न अधिकारीहरूलाई उन्मुक्ति दिने सबै कानुनहरू खारेज गरेर प्रभावकारी उपचार प्रदान गर्नु राज्यपक्षको दायित्व हो ।

---

[44] See communications No. 1782/2008, para. 7.6; No. 1761/2008, para. 7.8; No. 1297/2004, *Medjnoune v. Algeria*, Views adopted on 14 July 2006, para. 8.5; and No.1469/2006, para. 7.3.

[45] See the Committee's general comment No. 21, para. 8.5; and No. 1134/2002, *Gorji-Dinka v. Cameroon*, Views adopted on 17 March 2005, para. 5.2; No 1640/2007, para. 7.7; and No. 1422/2005, para. 6.4.

[46] General comment No. 29 (2001) on derogation during a state of emergency, Official Records of the General Assembly, F ifty-sixth Session, Supplement No. 40, vol. I (A/56/40 (Vol. I)), annex VI, para. 14.

[47] General comment No. 31, para. 15.

त्यसो गरेमात्र राज्यपक्षले निवेदक तथा उनको परिवारलाई प्रतिशोध र जोरजुलुमबाट रक्षा गर्ने प्रत्याभूत गरेको ठहर्छ । भविष्यमा त्यस्तै प्रकृतिका हिंसा दोहोरिन नदिने दायित्व पक्षराष्ट्रको हो ।

१०. ऐच्छिक आलेखको पक्षराष्ट्र बनेपछि पक्षराष्ट्रले महासन्धिको उल्लंघन भएको छ छैन भनी ठहर गर्ने समितिको क्षमतालाई स्वीकार गरेको हुन्छ । अनुबन्धको धारा २ का सम्बन्धमा पक्षराष्ट्रले आफ्नो क्षेत्र तथा क्षेत्राधिकारभित्र सबै व्यक्तिलाई अनुबन्धले प्रदान गरेको अधिकारहरू सुनिश्चित गर्ने र उल्लंघन भएको प्रमाणित भएमा प्रभावकारी तथा प्राप्य उपचार उपलब्ध गराउनु पक्षराष्ट्रको दायित्व हो । समितिले पक्षराष्ट्रबाट १८० दिनभित्रमा समितिले दिएको धारणा कार्यान्वयन गर्नका लागि अपनाइएका उपायका बारेमा समितिलाई जानकारी दिनेछ भन्ने चाहना राखेको छ । समितिका धारणालाई प्रकाशन गर्न र आधिकारिक भाषामा अनुवाद गर्न अनि त्यसको व्यापक वितरण गर्नका लागि समेत राज्यपक्षलाई अनुरोध गरिएको छ ।

(अंग्रेजी, फ्रेन्च र स्पेनिस भाषा मूलभाषा भई अंग्रेजी भाषामा ग्रहण गरिएको । साथै पछि साधारणसभामा समितिको वार्षिक प्रतिवेदन पेश गर्दा अरबिक, चाइनिज र रसियन भाषामा पनि प्रस्तुत गरिने छ ।)